साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY



# देवताल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## प्रिप्रढी गोठ, बारा

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

*प्रथम पटक प्रकाशित मिति: २०८०/०८/१० गते*

यस गाउँपालिकाको लागि निम्नानुसारको पदमा खुल्ला प्रतियोगिताबाट सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले सो पदको लागि चाहिने आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त दिनुहुनको लागि सम्बन्धित सबैको लागि सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद | तह | संख्या | शैक्षिक योग्यता | दस्तुर | परिक्षको किसिम |
|---|---|---|---|---|---|---|
| ०१/२०८० /०८१ | सूचना प्रविधि सहायक | पाँचौ | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको | ७००/- | अन्तर्वार्ता |
| ०२/२०८० /०८१ | स.कम्प्युटर अपरेटर | चौथो | ८ | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्तीण गरी आधारभुत कम्प्युटर सम्बन्धी कम्तीमा ३ महिनाको तालिम प्राप्त गरेको । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको | ५००/- | लिखित/ अन्तर्वार्ता |
| ०३/२०८० /०८१ | अ.न.मी. | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी.उर्तीण गरि काउन्सिलमा दर्ता भएको । साथै एम.वि. ए तालिम प्राप्त भएकोलाई विशेष ग्राहयता दिईने छ । १८ बर्ष पुरा भइ ४० बर्ष ननाघेको | ५००/- | लिखित/ अन्तर्वार्ता |
| ०४/२०८० /०८१ | अमिन | चौथो | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन परिक्षा उर्तीण भएको । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको | ५००/- | लिखित/ अन्तर्वार्ता |
| ०५/२०८० /०८१ | गणक | चौथो | ४ | एस ई ई वा सो सरह उतीर्ण गरी कम्प्युटर सम्बन्धी ज्ञान भएको । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको । | ५००/- | अन्तर्वार्ता |
| ०६/२०८० /०८१ | महिला तथा बालबालिका शिक्षा सहजकर्ता | चौथो | ११ | एस ई ई वा सो सरह उर्तीण भएको । १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको | ५००/- | लिखित/ अन्तर्वार्ता |
| ०७/२०८० /०८१ | एक्साभेटर अपरेटर | | १ | साधारण लेखपढ, सम्बन्धीत सवारीको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको तथा १८ बर्ष पुरा भई ५० बर्ष ननाघेको | ५००/- | अन्तर्वार्ता |
| ०८/२०८० /०८१ | वारुणयन्त्र चालक | | १ | साधारण लेखपढ, सम्बन्धीत सवारीको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको तथा १८ बर्ष पुरा भई ५० बर्ष ननाघेको | ५००/- | अन्तर्वार्ता |
| ०९/२०८० /०८१ | हलुका स.चालक | | ३ | साधारण लेखपढ, सम्बन्धीत सवारीको सवारी चालक अनुमतिपत्र प्राप्त गरेको तथा १८ बर्ष पुरा भई ५० बर्ष ननाघेको | ५००/- | अन्तर्वार्ता |
| १०/२०८० /०८१ | विजुली मिस्त्री | | ४ | साधारण लेखपढ, सम्बन्धीत क्षेत्रमा तालिम प्राप्त गरेको तथा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको | ५००/- | अन्तर्वार्ता |
| ११/२०८० /०८१ | हेल्पर | | २० | साधारण लेखपढ, उमेर १८ बर्ष पुरा भई ५५ बर्ष ननाघेको | ३००/- | अन्तर्वार्ता |
| १२/२०८० /०८१ | कार्यालय सहयोगी | | १४ | साधारण लेखपढ, उमेर १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको | ३००/- | अन्तर्वार्ता |
| १३/२०८० /०८१ | भान्से | | २ | साधारण लेखपढ, उमेर १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको | ३००/- | अन्तर्वार्ता |
| १४/२०८० /०८१ | चौकीदार | | २ | साधारण लेखपढ, उमेर १८ बर्ष पुरा भई ५५ बर्ष ननाघेको | ३००/- | अन्तर्वार्ता |
| १५/२०८० /०८१ | माली | | १ | साधारण लेखपढ, उमेर १८ बर्ष भन्दा माथी | ३००/- | अन्तर्वार्ता |

१. **दरखास्त दिने स्थान** : देवताल गाउँकार्यपालिकाको कार्यालय, पिप्राढी गोठ, बारा ।
२. **दरखास्त दिने अन्तिम मिति :-** सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र र सो दिन सार्वजनिक विदा परेको खण्डमा विदा पछि कार्यालय खुलेको पहिलो दिन ।
३. **आवेदन दस्तुर बुझाउने स्थान :-** देवताल गा.पा. को राजश्व शाखामा ।
४. **छनौटको किसिम :-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, सम्बन्धित विज्ञापनमा उल्लेख भएको परिक्षा किसिम अनुसार ।
५. **दरखास्त साथ संलग्न कागजातहरु :-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुको प्रतिलिपी संलग्न गर्नुपर्नेछ ।
क) नेपाली नागरिकताको प्रमाणपत्र
ख) तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्र तथा चारित्रिक प्रमाण पत्र ।
ग) कामसंग सम्बन्धित अनुभव भए सोको प्रमाणित कागजातको प्रतिलिपी ।
६. **तलब सेवा सुविधा :** करार सम्झौता बमोजिम हुनेछ ।
७. प्रारम्भिक योग्यताक्रको सूची प्रकाशन, लिखित परीक्षा र अन्तर्वार्ता परीक्षा लगायत अन्य जानकारीको लागि देवताल गा.पा. को सूचना पाटी तथा वेवसाईट www.devtalmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

*नोट :- अन्य जानकारीको लागि कर्मचारी प्रशासन शाखामा सम्पर्क गुर्न हुन अनुरोध छ ।* ***प्रमुख प्रशासीकय अधिकृत***

# मोटर साइकल दुर्घटनामा एकको मृत्यु,तीन घाईते

*साझेदारी संवाददाता*
*वीरगञ्ज, ९ मंसिर*

पर्सामा भारतीय नम्बर प्लेटको मोटरसाईकल दुर्घटना भएको छ । सो दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । घटना जीराभवानी गाउँपालिकामा भएको हो ।

पिडारीगुठीबाट सेढवातर्फ आइरहेको बिआर २२ एबी १५४४ नम्बरको मोटरसाइकल अनियन्त्रित भइ पोलमा ठोक्किदा सो दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

दुर्घटनामा परी जगरनाथपुर गाउँपालिका वडा नम्बर १ का प्रदीप महतोको मृत्यु भएको छ ।

दुर्घटनामा परी तीन जना घाईते भएका थिए।घाइते भएकाहरुको उपचारको लागि अस्पतालमा भर्ना गरिएको छ ।

# जितिय बहुउद्देश्यीको ५ औं साधारणसभा सम्पन्न

*धिरेन्द्र पनुहर*
*कोल्हवी, ९ मंसिर*

जितिया बहुउद्देश्यीय सहकारी संस्था कोल्हवीको ५ औ बार्षिक साधारणसभा शनिवार सम्पन्न भएको छ ।


*साधारणसभाको उद्घाटन गर्दै उपमेयर चौधरी* *फोटो: साझेदारी*

कोल्ही बजारमा रहेको थारु सेवा सदनको सभाहलमा भएको उक्त साधारणसभाको कोल्हवी नगरपालिकाकि उपमेयर लक्ष्मी कुमारी चौधरीले पानसमा बति बालेर उदघाटन गर्नु भएको हो । सो अवसरमा बोल्दै उपमेयर चौधरीले सस्थाको उतरोतर प्रगतिको कामना सहित सम्पुर्ण शेयर सदस्यहरुलाइ एकजुट भएर अगाडि बढन सल्लाह दिनुभयो ।

सहकारी संस्थाको संचालक समितिका अध्यक्ष भुवन चौधरीको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा कोल्हवी नगरपालिका सहकारी शाखा प्रमुख लोकनाथ ओली, केवल प्रसाद चौधरी , तामागढी साझेदारी बनका अध्यक्ष रबिन्द्र पनुहर, कोल्हबी न पा १ वडा का अध्यक्ष अध्यक्ष राजहरन चौधरी, सस्थाका सस्थापक अध्यक्ष गणेश चौधरी लगाएतकोले शुभकामना मन्तव्य राख्नु भएको थियो ।सहकारीले आर्थिक बर्ष ७९/८० मा।एक करोड असी लाख ६१ हजार रुपैया बराबरको कारोबार भएको कार्यक्रम मार्फत जानकारी गराएको थियो। कार्यक्रममा सस्थाका अध्यक्ष भुवन चौधरीले बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा ईलाका प्रहरी कार्यलय कोल्हवीका प्रमुख भोलामानसिंह अधिकारी ,सशस्त्र प्रहरी कोल्हवीका प्रमुख उमेश पौडेल ,थारु कल्याणकारणी सभा गाउ इकाई कमिटी कोल्हबिका सभापति रामबाबु चौधरी , जनशक्ति क्लब कोल्हबिका अध्यक्ष खुशि चौधरी ,समाजसेवि जनार्दन चौधरी ,कमेश्वर चौधरी लगाएत सस्थका शेयर सदस्य र कर्मचारीहरुको उपस्थिति रहेको थियो।

कार्यक्रममा स्वागत मन्तव्य जय प्रकाश चौधरी र संचालन रामनाथ चौधरीको रहेको थियो। सो अवसरमा सहकारीले असल बचत कर्ता र असल ऋणिहरुलाइ सम्मान गरेको थियो ।

# धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं साधारण सभा सम्पन्न

*संदिप प्रसाद यादव*
*कलैया, ९ मंसिर*

धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १५ औं वार्षिक साधारण सभा कलैयामा सम्पन्न भएको छ ।

बाराको सदरमुकाम कलैया बजार अवस्थित सिटी मार्केटमा रहेको कार्यालयको सभाहलमा संस्थाको वार्षिक साधारण सभा शनिबार एक कार्यक्रम विच सम्पन्न भएको हो ।

कार्यक्रमको प्रमुख अतिथि बारा जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडका अध्यक्ष सतेन्द्र प्रसाद ठाकुरले पानसमा बत्ती बाली सभाको उद्घाटन गरेका थिए ।

प्रमुख अतिथि ठाकुरले पाँच करोड भन्दा माथि पूँजी भएको सहकारी संस्थाहरुले मात्र कर्पसमा सहभागी हुन सक्ने बताए । ऋण माफ गराउने दुर्गा प्रसाईं जस्ता कति आए सहकारी संस्थाहरुले लगानी गरेका ऋण माफ हुँदैन उनले भने ।

समय अवधी भित्र आफ्नो वार्षिक साधारणसभा सम्पन्न गरेकोमा संस्थालाई धन्यवाद दिएका थिए ।

संस्थाका अध्यक्ष राजेशराय यादवको अध्यक्षतामा सो कार्यक्रम भएको हो ।सो अवसरमा संस्थाका अध्यक्ष यादवले आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन र लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए ।२०६५ कार्तिक ६ गते संस्था दर्ता भई कार्तिक ९ गते देखी विधिवत रुपमा संचालनमा आएको हो ।


*पानसमा बत्ती बालि साधारणसभाको उद्घाटन गरिदै* *फोटो: साझेदारी*

संस्था १५ वर्ष पुरा गरी १६ औं वर्षमा प्रवेश गरेको छ । संस्थाले आर्थिक वर्ष २०७९/०८० असाढ़ मसान्त सम्ममा कुल व्याज आम्दानी एक करोड ६३ लाख ८६ हजार आठ सय ७१ रुपैया,अन्य आम्दानी पाँच लाख ७७ हजार दुई सय ११ रुपैया ४० पैसा गरी कूल आम्दानी एक करोड ६९ लाख ६४ हजार ८२ रुपैया ४० पैसा आर्जन गरेको छ ।

संस्थाले आर्थिक वर्षको अन्त सम्ममा नौ करोड ५० लाख ९२ हजार ७ सय ५९ रुपैया ४८ पैसा ऋण लगानी गरेको छ । संस्थाले कूल ६ करोड १८ लाख ९४ हजार ७ सय ५० रुपैया १८ पैसा निक्षेप संकलन गरेको छ ।

यस आर्थिक वर्षको अन्तमा ४१४ महिला र १२०९ पुरुष गरी कूल १६२३ शेयर सदस्य संख्या पुगेको छ ।

सो कार्यक्रममा राष्ट्रिय सहकारी बैंक कलैया शाखाका श्याम न्यौपाने, जनसरोकार बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष मुनेन्द्र शर्मा र द सहारा बचत तथा ऋण सहकारी संस्था लिमिटेडका राकेश

**बाँकी तेस्रो पृष्ठमा**

जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहर समयमै गर्ने गरौं ।
सुवर्ण, प्रसौनी, देवताल, फेटा, करैयामाई र आदर्शकोतवाल गाउँपालिकाको कार्यालय,बाराद्वारा जनहितमा जारी सन्देश